# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०२ अंक- १७, २०८१ फागुन

**महासंघको परिचय:**

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०२ अंक- १७, २०८१ फागुन

## यस अंक भित्रः

**विषय-सूची** **पेज**


- **Deafblind International को प्रथम एशिया क्षेत्रिय सम्मेलन पोखरामा सम्पन्न** - २
- **Deafblind International को एशिया क्षेत्रिय समावेशी पदयात्रा सम्पन्न** - ७
- **महासंघका पूर्व अध्यक्ष स्व. रमेशलाल श्रेष्ठको प्रथम स्मृति सभा सम्पन्न** - ८


**विविध**


- **पाँचथरमा ४ महिने नेपाली साङ्केतिक भाषा आधारभूत तालिम तथा तदर्थ समिति गठन सम्पन्न** - ८
- **दुर्व्यवहार र हिंसासम्बन्धी सचेतनामूलक बारे भिडियो** - ९


## Deafblind International को प्रथम एशिया क्षेत्रिय सम्मेलन पोखरामा सम्पन्न

### उद्घाटन सत्र

एशियामै पहिलो पटक Deablind International को क्षेत्रिय सम्मेलन नेपालमा मिति २०८१ फागुन १७ देखि १९ गते सम्म पोखरामा सम्पन्न भएको छ । बिभिन्न २२ देशका ३५० भन्दा बढि सहभागि रहेको उक्त सम्मेलनको नारा Innovative Deafblind Inclusion: Education, Occupation, and Community Engagement रहेको थियो । सम्मेलनमा अफगानिस्तान, अष्ट्रेलिया, इण्डोनेसिया, इटली, क्यानडा, कोरिया, जापान, बङ्गलादेश, जर्मनी, स्वीजरल्याण्ड, थाइल्याण्ड, भारत, बेलायत, केन्या, रसिया, डेनमार्क, युगाण्डा, तान्जिनिया, फिलिपिन्स र नेपालबाट श्रवणदृष्टि विहीनता भएका व्यक्ति, उनिहरुका सहयोगी, साङ्केतिका



*नवल किशोर साह सुडी*

भाषा दोभाषे, भाषा अनुवादक, अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधी तथा अन्य संघसंस्थाका सहभागिहरुको उपस्थिति रहेको थियो। विभिन्न देशबाट जम्मा ६० जना श्रवणदृष्टि विहीन व्यक्तिहरु सम्मेलनमा सहभागि भएका थिए।

सम्मेलनको आयोजना संयुक्तरुपमा राष्ट्रिय बहिरा महासंघ नेपाल, श्रवणदृष्टि विहीन संघ नेपाल, नेत्रहिन संघ, श्रवणदृष्टि विहीन अभिभावक संघले गरेको थियो भने नेपाल सरकार, पोखरा महानगरपालिका, इन्क्लुसिभ फ्युचर, सेन्स इन्टरनेसल, सिबिएम ग्लोबल, करुणा फाउण्डेसन, नेपाल पर्यटन बोर्ड, तथा अन्नपुर्ण संरक्षण क्षेत्र परियोजनाको सहकार्य रहेको थियो उक्त सम्मेलनमा संसारभरका शिक्षाविद्, अनुसन्धानकर्ता, विज्ञ, पैरवीकर्ताहरू, तथा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरू सहभागी भएका थिए। सम्मेलनको उद्धाटनमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननिय मन्त्री नवल किशोर साह सुडीको प्रमुख आतिथ्यता रहेको थियो भने Deafblind International का अध्यक्ष मिर्को बुअरको अध्यक्षता रहेको थियो। कार्यक्रममा नेपालका लागि स्विस राजदूत सम्माननीय डा. डानिएल म्युली, गण्डकी प्रदेश सांसद माननीय सुनीता थापा, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणि लामिछाने विशेष अतिथिका रूपमा सहभागी हुनुभएको थियो। सेन्स इन्टरनेशनल इण्डियाका अध्यक्ष अमित ढोलकिया, सेन्स इन्टरनेशनलकी निर्देशक कविता प्रसाद, अपाङ्ग महासंघ नेपाल (NFDN) का अध्यक्ष देवी दत्त आचार्य अतिथीको रुपमा कार्यक्रममा उपस्थित हुनु भएको थियो।



*महासंघले प्रकाशन गरेको विभिन्न पुस्तकहरु विमोचन गर्दै प्रमुख तथा विशेष अतिथीहरु*

साथै, सम्मेलनको प्रायोजक संस्था CBM Global का प्रतिनिधि, केटाकेटी फाउण्डेसनका अध्यक्ष, ICEVI West का अध्यक्ष, अपाङ्ग महासंघ नेपालका पूर्वअध्यक्ष एवं विशेष शिक्षा परिषद्को विज्ञ सदस्य तथा अबिलिस फाउन्डेसन नेपालका प्रतिनिधि डा. बिरेन्द्र राज पोखरेल सहितका व्यक्तित्वहरु उपस्थित हुनुहुन्थ्यो।

अपाङ्गता भएका व्यक्तिहरुका समग्र विकासका लागि सरकार, नागरिक समाज र राष्ट्रिय एवं अन्तराष्ट्रिय संघसंस्थाहरुको समन्वय आवश्यक रहेकाले यस्ता सम्मलेनहरुले सम्बन्ध विकास गर्न सहज हुने प्रमुख अतिथि मन्त्रि सुडीले बताउनु भएको थियो। कार्यक्रमका अध्यक्ष मिर्कोले यो सम्मेलनले श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरु र यस क्षेत्रमा काम गर्न व्यक्तिहरुको सञ्जाल विकासमा सहयोग पुग्ने बताउनु भएको थियो।

उद्घाटन सत्रमा राष्ट्रिय बहिरा महासंघले प्रकाशन गरेका पुस्तकहरु घरमा आधारित शिक्षा सम्बन्धी मार्गदर्शन, व्यवहार व्यवस्थापन, स्पीच थेरापी सम्बन्धी सामान्य जानकारी मुलक सिकाइ सामग्री तथा दैनिक जीवनका सिप सम्बन्धी जानकारीमुलक हाते पुस्तिकाको प्रमुख अतिथी माननीय मन्त्री नवल किशोर साह, विशेष अतिथी माननिय सुनीता थापा, विशेष अतिथी सेन्स इन्टरनेसलन इण्डियाका अध्यक्ष अमित ढोलकिया र डेफब्लाइण्ड इन्टरनेसनलका अध्यक्ष मिर्को बुअरले विमोचन

NDFN 1995

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

"बहिरा आवाज"

वर्ष -०२ अंक- १७, २०८१ फागुन

गर्नु भएको थियो । यि पुस्तकहरुमा श्रवणदृष्टी विहीनता तथा वहु अपाङ्गता भएका बालबालिकाको रेखदेख तथा आधारभुत सिप विकास गराउने विषयमा जानकारी समेटिएको छ ।

समावेशी शिक्षा विज्ञ डा. बाबुराम ढुंगानाले उद्घाटन कार्यक्रममा नेपालमा श्रवणदृष्टि विहीन अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको वर्तमान अवस्थाबारे प्रस्तुति गर्नुभयो । उहाँले आफ्नो प्रस्तुतीकरणमा नेपालमा कुल जनसंख्याको २.२% अपाङ्गता भएका व्यक्ति रहेको र अपाङ्गता भएका व्यक्तिहरूमध्ये १.६% श्रवणदृष्टि विहीन अपाङ्गता भएका रहेको जानकारी दिनुभयो । श्रवणदृष्टि विहीन अपाङ्गता पुर्णरुपमा सुन्न र हेर्न नसक्ने मात्र भन्ने भ्रम रहेको तर वास्तविकता फरक रहेको उहाँले स्पष्ट पार्नुभयो । अपाङ्गता अधिकार ऐनले श्रवणदृष्टि विहीन अपाङ्गतालाई एक छुट्टै अपाङ्गता वर्गका रूपमा पहिचान गरे पनि अन्य नीतिहरूमा यसको स्पष्ट उल्लेख नभएको कुरा उहाँले उठाउनुभयो । हाल शिक्षा मन्त्रालयले अन्तर्राष्ट्रिय रूपमा स्वीकृत अपाङ्गता पहिचान मापदण्ड विकास गरेको उहाँले जानकारी गराउनुभयो ।

**प्यानल छलफल :**

उद्घाटन सत्र पछि तीन वटा भिभिन्न भिन्न हलमा समानान्तर रुपमा बिभिन्न देशका प्रतिनिधिहरुले आ-आफ्नो प्रस्तुति गरेका थिए । सेन्स इन्टरनेशनल इण्डियाका अध्यक्ष अमित ढोलकियाले श्रवणदृष्टि विहीन अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रविधिको एकीकरण आवश्यक रहेकोमा जोड दिनुभयो ।





*विभिन्न हलहरुमा प्रस्तुति दिदै प्रस्तोताहरू*





सेन्स इन्टरनेशनल इण्डियाले प्रविधिको प्रयोग गरी श्रवणदृष्टि विहीन अपाङ्गता भएका विद्यार्थीहरूका लागि शिक्षा र जानकारी प्राप्त गर्ने अवसरहरूलाई पुलको रूपमा काम गरिरहेको र प्रविधिको माध्यमबाट यस्ता विद्यार्थीहरू स्वतन्त्र रूपमा विद्यालय जान सक्ने, एक-अर्कासँग सूचना र ज्ञान आदानप्रदान गर्न सक्ने भएको बताउनु भएको थियो।

उद्घाटन सत्र पछि तीन वटा विभिन्न हलमा समानान्तर रुपमा बिभिन्न देशका प्रतिनिधिहरुले आ-आफ्नो प्रस्तुति गरेका थिए। प्रस्तुतिहरु मुख्य गरी श्रवणदृष्टि विहीनता र शिक्षा, श्रवणदृष्टि विहीनता र पेशा तथा श्रवणदृष्टि विहीनता र समुदायमा संलग्ता जस्ता विषयमा केन्द्रित रहेका थिए। जसमा शिक्षा अन्तरगत ३० वटा, पेशा अन्तरगत ३ वटा, समुदायमा संलग्नता अन्तर्गत ९ वटा तथा क्रस कटिङ विषयमा २९ वटा गरी जम्मा ६२ वटा प्रस्तुतिहरु प्रस्तुत गरिएका थिए। श्रवणदृष्ट्रि विहीनता भएका व्यक्तिको समावेशि शिक्षा सम्बन्धमा गहन छलफल भएको थियो। विभिन्न देशका प्रस्तुतिकरणमा भएका सफल अभ्यासहरु र पहुँचयुक्त प्रविधीका बारेमा अनुभव साटासाट गरिएको थियो। श्रवणदृष्टि विहीनता आफैमा एक गम्भिर अवस्था भएका कारण यसको व्यवस्थापनमा हुने चुनौति, समाधान उपाय एवं विश्वका बिभिन्न स्थानमा प्रयोगमा रहेका राम्रा अभ्यासहरु सबै सहभागिका लागि नौलो सिकाइ रहेको थियो।

## प्रदर्शनी स्टल




*राष्ट्रिय बहिरा महासंघ नेपाल द्वारा संचालित प्रदर्शनी स्थल*



*BYAN नेपाल द्वारा संचालित प्रदर्शनी स्थल*



*ह्याण्डिक्याप इन्टरनेशनल द्वारा संचालित प्रदर्शनी स्थल*



*मलेशियाको इण्डेक्स ब्रेल प्रिन्टर कम्पनीद्वारा प्रदर्शनीमा राखिएको ब्रेल प्रिन्टर*

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- १७, २०८१ फागुन





*ट्राभल एजेन्सी द्वारा संचालित प्रदर्शनी स्थल*



*प्रदर्शनी स्थलमा सामग्रीहरु अवलोकन गर्दै सहभागिहरु*

स्पर्श सञ्चारका विभिन्न नवप्रवर्धनात्म तरिकाहरु त्यसै गरी मानसिक स्वास्थ्य र पहुँचयुक्त शिक्षण सिकाइ सामग्रिमा प्रविधिको प्रयोगका बारेमा गरिएका प्रस्तुतिहरुले यस क्षेत्रमा काम गर्ने व्यक्तिहरुले नयाँ प्रयोग सिक्ने अवसर पाएका थिए।
सम्मेलनको अर्को आकर्षणको केन्द्रको रुपमा विभिन्न प्रविधिहरु सहितको स्टलहरु रहेका थिए। ब्रेल सम्बन्धी विभिन्न उपकरणहरु ब्रेल रिडर डिभाइस, आवाज र स्पर्ष सहितका ब्रेल उपकरणहरु, ब्रेल प्रिन्टर तथा विभिन्न पहुँचयुक्त शिक्षण सिकाइका सामग्रीहरु प्रदर्शनीमा राखिएका थिए।

**समापन समारोह :**



तिन दिन सम्म सञ्चालन भएको सम्मेलनको समापन मार्च ३, २०२५ मा भएको थियो। समापन सत्रको प्रमुख आतिथ्यता गण्डकी प्रदेश सभाका सभामुख माननीय कृष्ण प्रसाद धितालले गर्नु भएको थियो। उहाँले सम्मेलन उत्साहपुर्ण रहेको र गण्डकी प्रदेशले आव्हान गरेको पोखरा भ्रमण वर्ष अपाङ्गता भएका व्यक्तिहरुबाट भएको भन्दै सम्मेलन सफल बनाउन योगदान गर्नुहुने सबैलाई धन्यवाद दिनुभएको थियो। सम्मेलनको अध्यक्षता गर्नु भएका DBI का अध्यक्ष मिर्कोले यो सम्मेलन मार्फत एसियाका श्रवणदृष्टि विहीन समुदायले विश्वको ध्यानाकर्षण गरेको र यो सञ्जाललाई विश्वभरी नै प्रसार गर्नुपर्नेमा जोड दिनुभएको थियो।

NDFN
1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- १७, २०८१ फागुन

## Deafblind International को एशिया क्षेत्रिय समावेशी पदयात्रा सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको नेतृत्व तथा Deafblind International, नेपाल दृष्टिविहिन संघ, श्रवणदृष्टिविहिन अभिभावक समाज नेपाल तथा सेन्स इन्टरनेसनल इन्डिया तथा राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालको समन्वयमा "Inclusive Trekking: Youth with Deafblindness trek in Nepal's Majestic Himalayas - Reaching Poon Hill Together" कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

मिति २०८१ फाल्गुण २० गतेदेखि २४ गतेसम्म आयोजित यस विशेष पदयात्रामा नेपाल सहित भारत, बगलादेश, अष्ट्रेलिया, नेडरल्याण्ड, डेनमार्क, जमर्नी र स्वीजरल्याण्डबाट महिला २६ पुरुष ३४ गरि जम्मा ६० जना व्यक्तिहरुको सहभागि रहेका थिए । जसमा श्रवणदृष्टि विहिन १५ जना र सहयोगी तथा दोभाषे १४ जना रहेको थियो । पदयात्राको पहिलो दिन पोखराबाट बस यात्रामार्फत उल्लेरीसम्म पुगेर त्यसपछि पैदल यात्रा गर्दै बनठाटीमा बास बसिएको थियो । सो यात्रामा देखिएका विभिन्न मनमोहक दृष्यहरु तथा संस्कृतिहरुको अवलोकन गर्दै नयाँ अनुभव लिएको र विभिन्न देशका सहभागीहरुले एक आपसमा आफ्ना अनुभव र भावनाहरु साटासाट अवसरको रुपमा यो पदयात्रालाई उपयोग गरेको जनाइएको थियो । दोश्रो दिन बिहानै बनठाटीबाट यात्रा सुरु गरी घोडेपानी पुगेका सहभागीहरू तेस्रो दिन बिहानै १.३० घण्टा हिंडेर पुनहिलमा सूर्योदयको अवलोकन गरेका थिए। सोही दिन देउराली हुँदै बनठाटीमा बास बसिएको थियो।




*सामुहिक तस्बिर*

चौथो दिन बिहान हल्का वर्षा भए पनि टाढापानी हुँदै घान्द्रुकको रमणीय गाउँमा प्रवेश गरिएको थियो। गुराँसको फूलहरूले ढकमक्क भएको प्राकृतिक दृश्यले सहभागीहरूलाई आनन्द लिईएको थियो। पाचौं दिन गुरुङ समुदायको भेषभूषा र स्थानीय संस्कृति अवलोकन गर्दै घान्द्रुक गाउँ भ्रमण सम्पन्न गरेपछि पोखराको यात्रा गरिएको थियो। यस पदयात्राले श्रवणदृष्टिविहिन युवाहरूका लागि समावेशी साहसिक गतिविधिहरूको महत्व बोकेको थियो।

नेपालमा पहिलो अन्तर्राष्ट्रिय समावेशी पदयात्राले सहभागीहरूको आत्मविश्वास बढाउँदै समावेशी पर्यटन प्रवर्द्धन, अन्तर्राष्ट्रिय संस्कृतिको आदानप्रदान, र स्थानीय समुदायमा सचेतना अभिवृद्धि गरेको थियो।

थप विवरण यहाँ हेर्नुहोस्।

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- १७, २०८१ फागुन


## महासंघका पूर्व अध्यक्ष स्व. रमेशलाल श्रेष्ठको प्रथम स्मृति सभा सम्पन्न

राष्ट्रिय वहिरा महासंघ नेपालको पूर्व अध्यक्ष स्व. रमेशलाल श्रेष्ठ ज्यूको प्रथम स्मृति सभा राष्ट्रिय बहिरा महासंघ नेपालको कार्यालय रानीवारी सामाखुशी काठमाडौंमा २०८१ फागुन २७ मा सम्पन्न भएको छ। स्मृति सभामा स्व. श्रेष्ठकी धर्मपत्नी रोजिना श्रेष्ठ समेत उपस्थित हुनुभएको थियो। स्मृति सभामा स्व. श्रेष्ठको तस्वीरमा माल्यार्पण एवं वहाँको स्मृतिमा एक मिनेट मौनधारण गरिएको थियो। बहिरा महासंघका अध्यक्ष सन्तोष के. सी ले बहिरा समुदाय एवं बाहिर महासघको बिकासका लागि वहाँले खेल्नु भएको योगदानको चर्चा गर्दै वहाँको योगदान बहिरा समुदायले सदैब सम्झिरहने बताउनु भएको थियो।



## विविध

### पाँचथरमा ४ महिने नेपाली साङ्केतिक भाषा आधारभूत तालिम तथा तदर्थ समिति गठन सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा माइराईट/डिडिएफ स्विडेन र पाँचथर जिल्लाका ७ वटा स्थानीय तहको आर्थिक सहयोगमा तथा राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेश समिती, राष्ट्रिय बहिरा महासंघ नेपाल कोशी प्रदेश समिति, करुणा फाउन्डेसन नेपाल तथा अपाङ्ग सेवा संघ पाँचथरको समन्वयमा ४ महिने नेपाली साङ्केतिक भाषा आधारभूत तालिम




पाँचथरको फिदिममा मिति २०८१ फागुन २६ गते सम्पन्न भएको छ।

साथै पाँचथर जिल्लामा बहिरा व्यक्तिहरुको एक भेलाले टिकाराम आचार्यको नेतृत्वमा पाँचथर वहिरा संघ तदर्थ समिति गठन गरिएको छ। समितिको उपाध्यक्षमा मनिषा


राई, सचिवमा ममता आङदेम्बे, सहसचिवमा दिना राई, कोषाध्यक्षमा विशाल तामाङ, सदस्य मनुभक्त राई, अशोक नेम्वाङ चयन भएका छन् ।

थप विवरण कान्तिपुर पत्रिकामा साभार गरिएको यहाँ हेर्नुहोस् ।

## दुर्व्यवहार र हिंसासम्बन्धी सचेतनामूलक बारे भिडियो

राष्ट्रिय बहिरा महासंघ नेपाल, Sense International र Inclusive Futures को संयुक्त प्रयासमा निर्मित दुर्व्यवहार र हिंसासम्बन्धी सचेतनामूलक भिडियो निर्माण गरि महासंघको सामाजिक संजालमा सार्वजनिक गरिएको छ ।

थप भिडियो यहाँ हेर्नुहोस् ।




## हाम्रा साझेदार संस्थाहरु :-



**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो।"**

* समाप्त !!! *

## सचेतनामूलक सूचना सामाग्री :

